# मोहन्याल गाउँपालिका

## गाउँ कार्यपालिकाको कार्यालय

## खिमडी , कैलाली

मोहन्याल गाउँपालिका

प्रमाणित
२०८०।१।२४

**विपद व्यवस्थापन तथा कोष संचालन कार्यविधि, २०८०**

**कार्यपालिकाबाट स्वीकृत मिति- : २०८०।०१।२३**

# विपद् व्यवस्थापन तथा कोष सञ्चालन कार्यविधि, २०८०

कार्यपालिकाबाट स्वीकृत मिति- : २०८०/०१/२७

## प्रस्तावना

विपद्को दृष्टिकोण बाट नेपाल संसार कै संवदनशील देशहरु मध्ये एक हो । अव्यवस्थित बसाइसराई,जथाभावी वन फडानी तथा अतिक्रमण,अवैज्ञानिक खेती प्रणाली कृषिमा अव्यवस्थित चाप, जनसंख्याको बढ्दो चाप,अव्यवस्थित शहरीकरण,अदुरदर्शी भौतिक संरचना निर्माण, जलवायु जन्य जोखिम, जनचेतनाको कमी जस्ता कारणले हरेक वर्ष हुने बाढी पहिरो,महामारी,झाडा पखाला,अनिकाल आगलागी र भुकम्प जस्ता दुर्घटनामा हजारौं मानिसहरुको मृत्यु हुने गरेको छ। यस्ता प्रकारका विपदबाट जीउधन माथी भएको क्षति त छदैछ भौतिक संरचनामा समेत क्षति पुग्दा आर्थिक सामाजिक विकासमा समेत ठूलो नोक्सानी व्यहोर्नु परेको छ ।

विपद्बाट उत्पन्न हुन सक्ने अवस्थालाई मध्यनजर राख्दै विपद्बाट मोहन्याल गाउँपालिका मा हुन सक्ने आर्थिक, मानविय, सांस्कृतिक तथा भौतिक संरचनाहरूको क्षतिलाई न्यूनिकरण गर्ने हेतुले विपद् व्यवस्थापनका सबै क्रियाकलापको सवन्वयात्मक तथा प्रभावकारी रुपमा व्यवस्थापन गर्न स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा १०२ को उपदफा २ ले दिएको अधिकार प्रयोग गरी मोहन्यालगाउँ कार्यपालिकाले यो विपद् व्यवस्थापन तथा कोष सञ्चालन कार्यविधि, २०८० जारी गरेको छ ।

## परिच्छेद – एक

### प्रारम्भिक

**१. संक्षिप्त नाम र प्रारम्भ**

***(१) संक्षिप्त नाम*** :- यस कार्यविधीको नाम "विपद् व्यवस्थापन तथा कोष सञ्चालन कार्यविधि, २०८० रहनेछ ।

(२) यो कार्यविधि मोहन्याल गाउँपालिका भर लागू हुनेछ ।

(३) यो कार्यविधि तुरुन्तै प्रारम्भ हुनेछ ।

***२. परिभाषा: विषय वा प्रसंगले अर्को अर्थ नलागेमा यस कार्यविधिमा,***

(क) "कोष" भन्नाले दफा ६ बमोजिमको विपद् व्यस्थापन कोष सम्झनु पर्छ ।

(ख) "गैरप्राकृतिक विपद्" भन्नाले महामारी, अनिकाल, डढेलो, कीट वा सूक्ष्म जीवाणु आतङ्क, पशु तथा चराचरुङ्गीमा हनु फ्लू, सर्पदंश, जनावर आतङ्क, खानी, हवाई, सडक, जल, औद्योगिक दुर्घटना, विषाक्त ग्याँस, रसायन वा विकिरण चुवाहट, विषाक्त खाद्य सेवन, वातावरणीय प्रदुषण, वन विनाश वा भौतिक संरचनाको क्षति तथा प्रकोप उद्धार कार्यमा हुने दुर्घटना वा यस्तै अन्य गैरप्राकृतिक विपद्लाई सम्झनु पर्छ ।

(ग) "प्राकृतिक विपद्" भन्नाले हिमपात, असिना, हिमपहिरो, हिमताल विस्फोटन, अतिवृष्टि, अनावृष्टि, बाढी, पहिरो तथा भू-स्खलन, डुबान, खडेरी, आँधी, हुरी, बतास, शीतलहर, तातो हावाको लहर, भूकम्प वा यस्तै अन्य प्राकृतिक विपद्बाट उत्पन्न जुनसुकै विपद् सम्झनु पर्छ।

(घ) "विपद्" भन्नाले कुनै स्थानमा आपतकालीन अवस्था सृजना भई जन वा धनको क्षतिको साथै जीपनयापन र वातावरणमा प्रतिकूल असर पर्ने प्राकृतिक वा गैर प्राकृतिक विपद् सम्झनु पर्छ।

(ङ.) "विपद् जोखिम न्यूनीकरण" भन्नाले विपद्पूर्व गरिने जोखिमको विश्लेषणतथा मूल्याङ्कन, विपद् रोकथाम वा विपद्बाट हुने क्षतिको न्यूनीकरण तथा विकासका कार्यमा विपद् जोखिमलाई कम गर्ने सम्बन्धी कार्य सम्झन पर्छ।

(च) "विपद् पुनर्लाभ" भन्नाले विपद्को घटनापछि गरिने पुनर्निमार्ण एवम् पुनर्स्थापनासँग सम्बन्धित कार्य सम्झनु पर्छ।

(छ) "विपद् प्रतिकार्य" भन्नाले विपद्को घटना घट्नासाथ तत्काले गरिने खोज, उद्धार एवम् राहतसँग सम्बन्धित कार्य सम्झनु पर्छ र सो शब्दले विपद् प्रतिकार्यको पूर्व तयारीलाई समेत जनाउँछ।

(ज) "विपद् व्यवस्थापन" भन्नाले विपद् जोखिम न्यूनीकरण, विपद् प्रतिकार्य र विपद् पुनर्लाभसँग सम्बन्धित सम्पूर्ण क्रियाकलापलाई सम्झनु पर्छ।

(झ) "सुरक्षा निकाय" भन्नाले नेपाली सेना, नेपाल प्रहरी, सशस्त्र प्रहरी बल, नेपाल तथा राष्ट्रिय अनसुन्धान विभाग सम्झनु पर्छ।

(फ) "गाउँपालिका विपद् व्यस्थापन समिति" भन्नाले दफा ४ बमोजिमको गाउँपालिका विपद् व्यवस्थापन समिति सम्झनु पर्छ॥

(ब) "कार्यविधि" भन्नाले मोहन्याल गाँउपालिकाको विपद् व्यवस्थापन तथा कोष सञ्चालन कार्यविधि, २०८० लाई बुझ्नुपर्छ।

(भ) "कोष सञ्चालन समिति" भन्नाले दफा ६ बमोजिमको समिति सम्झनु पर्छ।

(म) "कार्यालय" भन्नाले मोहन्यालगाँउ कार्यपालिकाको कार्यालयलाई सम्झनु पर्छ।

(य) "गाउँपालिका" भन्नाले मोहन्याल गाउँपालिका लाई सम्झनु पर्छ।

## परिच्छेद – दुई
## कार्यविधिको उद्देश्य तथा विपद् व्यवस्थापन समिति सम्बन्धी व्यवस्था

### ३. उद्देश्य

(क) विपद्मा परेका पीडितलाई उद्धार र पुनः स्थापना गर्ने कार्यका लागि सबै सरकारी तथा गैर सरकारी क्षेत्रको सहयोगमा जनसहभागिता समेत जुटाउनु।

(ख) विपद्का लागि अत्यधिक जोखिम क्षेत्र पहिचान तथा नक्साङ्कन गरी जनचेतना अभिवृद्धि गर्नु।

(ग) विपद्को जोखिमलाई न्यूनीकरण गर्न समय सापेक्ष नीतिगत र संस्थागत संयन्त्रमा सुधार गर्नु।

(घ) विपद्बाट पीडित पक्षलाई आधारभूत आवश्यकताका लागि तत्काले राहत उपलब्ध गराउनु।

(ङ) विकास निर्माण तथा भौतिक संरचनाको निर्माण गर्नु अति वातावरण मैत्री प्रणालीमा जोड दिन जनचेतना जगाउनु ।

(च) विपद्को जोखिम न्यूनीकरणको लागि उपयुक्त सूचना प्रकोप पूर्वको तयारीका लागि उपलव्ध गराउनु ।

(छ) विपद्का लागि लागु हुने प्रयास रोकथाम मूलक नवनाइ्र उपचार मूलक बनाउनु ।

(ज) विपद् सम्वन्धी सूचना दिने प्रविधिको व्यवस्थापन तथा व्यवस्थापन गर्नु ।

**४. गाउँपालिका विपद् व्यवस्थापन समितिः** (१) मोहन्याल गाउँपालिका मा विपद् व्यवस्थापन सम्बन्धी कार्यको लागि देहाय बमोजिमको गाउँपालिका विपद् व्यवस्थापन समिति रहनेछः-

| | | |
|---|---|---|
| (क) गाँउपालिका अध्यक्ष | – | अध्यक्ष |
| (ख) गाँउपालिका उपाध्यक्ष | – | सदस्य |
| (ग) प्रतेक वडाका वडा अध्यक्ष | – | सदस्य |
| (घ) कृषि शाखा | | सदस्य |
| (ङ) पशु शाखा | | सदस्य |
| (च) स्वास्थ्य शाखा प्रमुख | | सदस्य |
| (छ) रेडक्रस प्रतिनिधि | | सदस्य |
| (ज) इलाका इन्चार्ज | | सदस्य |
| (झ) विपद फोकल व्यक्ति | | सदस्य सचिव |

(२) गाउँपालिका विपद् व्यस्थापन समितिको काम, कर्तव्य र अधिकार देहाय बमोजिम हुनेछः-

(क) स्थानीय विपद् व्यवस्थापन योजना तर्जुमा गरी कार्यान्वयन गर्ने,

(ख) गाउँपालिकालाई विपद् व्यवस्थापनका लागि बजेट विनियोजन गर्न लगाउने,

(ग) सरकारी, निजी एवम् गैरसरकारी संस्था, स्थानीय स्वयम्सेवक, सामाजिक परिचालक लगायत सम्बन्धीत सबै पक्षको समन्वय र संलग्नतामा विपद् व्यस्थापन सम्बन्धी कार्य गर्ने, गराउने,

(घ) गाउँपालिकाका पदाधिकारी, कर्मचारी, स्वयंसेवक, सामाजिक परिचालक तथा समुदायलाई विपद् व्यवस्थापन सम्बन्धमा प्रशिक्षण दिने व्यवस्था मिलाउने,

(ङ) भौतिक संरचना निर्माण गर्दा भवनसंहिता लगायत अन्य स्वीकृत निर्देशिका तथा मापदण्डको पालना गराउने,

(च) स्थानीय समुदायलाई विपद् प्रति जागरुक बनाउन, विपद्सँग सम्बन्धीत योजना तथा कार्यक्रम तर्जुमा गर्न तथा विपद्को घटना हुनासाथ प्रतिकार्यका लागि परिचालन हुन वडा वा समुदायस्तरमा समुदायस्तरमा विपद् पूर्वतयारी तथा प्रतिकार्य समिति गठन गर्ने,

(छ) विपद् प्रतिकार्यका लागि आपत्कालीन नमूना अभ्यास गर्ने, गराउने,

(ज) विपद् प्रभावित क्षेत्रमा उद्दार तथा राहतको व्यवस्था गर्ने,

(झ) विपद् व्यस्थापन सम्बन्धमा सार्वजनिक संस्था तथा व्यवसायिक प्रतिष्ठानले यस ऐन बमोजिम कार्य गरे नगरेको अनुगमन गर्ने,

(ञ) गाउँपालिकामा विपद् व्ययस्थापन सूचना प्रणाली तथा पूर्वचेतावनि प्रणालीको विकास र सञ्चालन गर्ने, गराउने,

(ट) गाउँपालिकामा आपत् कालीन कार्यसञ्चालन केन्द्रको स्थापना र सञ्चालन गर्ने,

(ठ) विपद्मा परी हराएका, बिग्रेका वा नष्ट भएका कागजातको यकिन तथ्याङ्क अद्यावधिक गरी राख्न लगाउने,

(ड) विपद् बाट प्रभावित घरपरिवारको पहिचान, स्तर निर्धारण तथा परिचय पत्र वितरण गर्ने, गराउने,

(ढ) विपद्को समयमा प्रयोग गर्न सकिने गरी उपकरणहरू तयारी हालतमा राख्न लगाउने,

(ण) विपद् व्यवस्थापन सम्बन्धमा तोकिए बमोजिमका अन्य कार्य गर्ने, गराउने ।

(३) गाउँपालिका विपद् व्यस्थापन समितिको सचिवालय गाउँ कार्यपालिकाको कार्यालयमा रहनेछ ।

(४) गाउँपालिका विपद् व्यवस्थापन समितिको बैठक अध्यक्षको निर्देशनमा सदस्य- सचिवले बोलाउनेछ । बैठकको अध्यक्षता अध्यक्षले गर्नेछ । बैठक बस्ने प्रयोजनका लागि ५१ प्रतिशत सदस्यलाई गणपुरक संख्या मानिनेछ । तर आपतकालिन अवस्थामा अध्यक्षले उद्धार तथा राहतका लागि सिधै निर्देशन गर्न सक्नेछ ।

(५) गाउँपालिका विपद् व्यवस्थापन समिति बैठक आवश्यकता अनुसार जुनसुकै समयमा पनि वस्न सक्नेछ ।

***५. वडास्तरीय विपद् व्यवस्थापन समितिः (१) विपद् व्यवस्थापन कार्यमा सहयोग पुऱ्याउन मोहन्याल गाउँपालिका को प्रत्येक वडामा देहाय बमोजिम वडास्तरीय विपद् व्यवस्थापन समिति रहनेछः-***

| | | |
|---|---|---|
| (क) वडा अध्यक्ष | – | अध्यक्ष |
| (ख) स्वास्थ्य सम्बन्धी विषय हेर्ने वडास्थित प्रमुख | - | सदस्य |
| (ग) राष्ट्रिय मान्यता प्राप्त दलका वडास्थित प्रमुख वा प्रतिनिधि | – | सदस्य |
| (घ) नेपाल रेडक्रस सोसाइटीको वडास्थित प्रतिनिधि | - | सदस्य |
| (ङ) वडा सचिव | – | सदस्य-सचिव |

## परिच्छेद- तीन
## विपद् व्यवस्थापन कोष सम्बन्धी व्यवस्था

**६. विपद् व्यवस्थापन कोषः** (१) विपद् व्यवस्थापनका लागि गाउँपालिकामा एउटै छुट्टै विपद् व्यवस्थापन कोष रहनेछ ।

(२) कोषमा देहाय अनुसारको रकम जम्मा गरिनेछ ।

(क) मोहन्याल गाउँपालिकाबाट वार्षिक रुपमा विपद् व्यवस्थापन कोषमा विनियोजन भएको रकम ।

(ख) नेपाल सरकार तथा प्रदेश सरकारबाट प्राप्त हुने अनुदान सहयोग ।

(ग) विभिन्न सरकारी, गैर सरकारी तथा अन्य दाताबाट प्राप्त भएको सहयोग ।

(घ) अन्य कुनै स्रोतबाट प्राप्त रकम ।

(३) कोषको रकम गाउँपालिकाको खाता संचालन रहेको सरकारी कारोबार गर्न स्वीकृत बैंकमा जम्मा गरिनेछ । कोषको संचालन गाँउपालिकाको प्रमुख प्रशासकीय अधिकृत र राजस्व तथा आर्थिक शाखा प्रमुखको संयुक्त दस्तखतबाट हुनेछ ।

(४) कोषमा जम्मा भएको रकम विपद् व्यवस्थापनका लागि बाहेक अन्य प्रयोजनमा खर्च गर्न पाइने छैन ।

(५) कोषको लेखापरीक्षण महालेखा परिक्षकको कार्यालयबाट हुनेछ ।

**७. कोष सन्चालन समितिः** (१) कोषको लक्ष्य तथा उद्देश्य प्राप्ति लागि देहाय वमोजिमको कोष सन्चालन समिति रहनेछ ।

| | | |
|---|---|---|
| (क) गाँउपालिका अध्यक्ष | – | संयोजक |
| (ख) गाँउपालिका उपाध्यक्ष | – | सदस्य |
| (ग) प्रमुख प्रशासकीय अधिकृत | – | सदस्य |
| (घ) वातावरण तथा विपद् व्यवस्थापन समितिको संयोजक | - | सदस्य |
| (ङ) राजस्व तथा आर्थिक प्रशासन शाखा प्रमुख | – | सदस्य-सचिव |

**(२) कोष सन्चालन समितिको काम कर्तव्य र अधिकार**

(क) गाँउपालिका विपद् कोष व्यवस्थापनका लागि आर्थिक स्रोतको व्यवस्थापन गर्ने,

(ख) गाँउपालिका विपद् व्यवस्थापन कोषको सन्चालनका लागि योजना तर्जुमा गरी गाँउ सभाबाट स्वीकृत गराई कार्यक्रम तय गर्ने गराउने,

(ग) विपद्को घटना घट्नु अगावै जनचेतना मुलक कार्यक्रम सन्चालन गर्ने,

(घ) विपद्बाट पीडित भएका व्यक्तिको सन्दर्भमा तथ्याङ्क संकलन गरी विपद्को घटना घटेको ठाँउमा समितिले अनुगमन गर्नुका साथै राहतको कार्यकम लागु गर्ने,

(ङ) विपद् न्यूनीकरण तथा नियन्त्रणको पूर्वाधार निर्माण गर्न गाँउपालिकालाई सिफारिस गर्ने,

(च) राहत रकम उपलब्ध गराउने ।

(३) कोष सन्चालन समितिको बैठक संयोजकको निर्देशनमा सदस्य- सचिवले बोलाउनेछ । बैठकको अध्यक्षता संयोजकले गर्नेछ र संयोजकको अनुपस्थितिमा गाउँपालिकाको उपाध्यक्षको अध्यक्षतामा बैठक बस्नेछ । बैठक बस्ने प्रयोजनका लागि ५१ प्रतिशत सदस्यलाई गणपुरक संख्या मानिनेछ ।

(४) बैठक आवश्यकता अनुसार जुनसुकै समयमा पनि बस्न सक्नेछ ।
(५) यस समितिका पदाधिकारीले बैठक बसेको दिन गाउँपालिकाका पदाधिकारीले पाए सरह बैठक भत्ता पाउने छन् ।

८. वस्तुगत सहायता सामाग्री:

(१) कार्यविधिको अधिनमा रहि कुनै व्यक्ति वा संस्थाबाट नगदबाहेकको वस्तुगत सहायता सामाग्री प्राप्त हुन आएमा र त्यसरी प्राप्त सामाग्री विपद् व्यवस्थापन सम्बन्धी कार्यमा उपयोग हुने देखिएमा त्यस्तो वस्तुगत सहायता सामाग्रीलाई स्वीकार गरिनेछ ।

(२) उपदफा (१) बमोजिम स्वीकार गरिएको वस्तुगत सहायता सामाग्रीलाई अलग्गै मौज्दात किताबमा आम्दानी अभिलेख जनाई त्यस्तो सामाग्रीको प्रचलित मूल्यलाई कोषको आम्दानीको रूपमा समेत अभिलेख गरिनेछ ।

स्पष्टिकरणः यस दफाको प्रयोजनका लागि प्रचलित मूल्य भन्नाले वस्तुगत सामाग्रीको साथमा प्राप्तहुने खरिद बिजक वा मूल्याङ्कनको प्रमाण र ढुवानी लागत समेतको मूल्यलाई जनाउँनेछ । यदी त्यस्तो मूल्यबिना नै वस्तुगत सामाग्री प्राप्त हुन आएको रहेछ भने त्यस्तो वस्तुगत सामाग्रीको प्रचलित स्थानीय दररेट अनुसारको मूल्याङ्कनलाई आम्दानीको आधार मानिनेछ । सो पनि नभएमा त्यसरी प्राप्त सामाग्रीको लागि समितिले उचित ठहर्याएको मूल्याङ्कनलाई कोषको आम्दानीको आधारको रूपमा लिईनेछ ।

(३) यस दफा बमोजिम प्राप्त भएको वस्तुगत सहायता सामाग्रीलाई त्यस्तो सामाग्री भण्डारण गर्ने वा प्रयोग गरिने स्थानसम्म पुर्याउनका लागि सहायता उपलब्ध गराउने सम्बन्धित व्यक्ति वा संस्थालाई नै अनुरोध गर्न सकिनेछ ।

## परिच्छेद – ४

## उद्धार तयारी, उद्धार तथा राहत सम्बन्धी व्यवस्था:

९. उद्धारको तयारी

(क) विपद्को जोखिममा रहेको क्षेत्रको व्यवस्था गर्ने ।
(ख) तालिम प्राप्त जनशक्तिको साथै विपदको समयमा राहतको छरितो व्यवस्थाको लागि खोज र उद्धार सामग्रीहरुको लगत अद्यावधिक गर्नुका साथै आपतकालीन खाद्यान्न,औषधि एवं लत्ता कपडाको भण्डारण गर्न समन्वय गर्ने ।
(ग) सामाजिक एवं गैर सरकारी संघ संस्था एवं पत्रकारहरुको सहयोग समेत लिई गाँउपालिका विपद् व्यवस्थापन सम्वन्धी जनचेतना अभिवृद्धि गर्ने ।
(घ) विपद्को समयमा विस्थापित परिवारहरुलाई सुरक्षित स्थानमा राखी शिविर सञ्चालन गर्न सम्भव भए सम्म विद्यालय,स्वास्थ्य केन्द्र वाहेक तत्कालका लागि अस्थायी रुपमा पुर्नस्थापना गर्न पहिचान गरिएका खुला क्षेत्रहरु प्रयोग गर्ने ।

## १०. राहत तथा उद्धार सम्बन्धी व्यवस्था

(क) विपद्को घटनामा परी कुनै व्यक्तिको मृत्यु भएको रहेछ भने राहत स्वरुप प्रति मृतक रु. १०००००/- का दरले मृतकका परिवारलाई सहयोग उपलव्ध गराउने छ ।
(ख) विपदबाट घर पूर्णरुपमा नष्ट भएका वा खाद्यान्न वाली तथा जग्गा जमीन समेत नोक्सानी भै तत्काल गुजाराको लागि आवश्यक व्यवस्था गर्नको लागि रु. ३००००।- सम्मको आंशिक घर क्षति भई तत्काल मर्मतको लागि रु.१००००।- तथा गोठ नष्ट भएमा र विपदमा परि बेपत्ता भएका ब्यक्तिको परिवार स्वरूप रु ५०००।- सम्मको प्रति परिवार राहत सहयोग उपलव्ध गराउने छ ।

(ग) विपद्को घटनामा परी घाइते हुनेहरुलाई सरकारी अस्पतालबाट उपचार गरी घर जान आर्थिक सहयोग स्वरुप प्रति व्यक्ति रु ५०००।- यातायात खर्च दिइनेछ । विपदको घटनामा घाइते तथा पिडित वा प्रभावित परिवारलाई तत्काल राहत स्वरूप रु ५०००/- सम्मको राहत सामग्री (खाधान्न, दाल ,चामल, बलाङ्केट ,त्रिपाल लुगा कपडा आदि ) वडा स्तरीय विपद व्यवस्थापन समितिले उपलब्ध गराउन सक्ने छ ।

(घ) विपद्को समयमा पीडित परिवारहरुलाई सुरक्षित स्थानमा राखि शिविर संचालन,आवश्यक सहयोग र समन्वय गरिनेछ ।

(ङ) पीडितहरुलाई राहत वितरण गर्दा यस कोषको अधिनमा रही कोष सञ्चालन समिति मार्फत् राहत सहयोग उपलब्ध गराइने छ । तर समितिबाट अनुमोदन गराउने गरी तत्काल उपलब्ध गराउनु पर्ने तोकिएको राहत रकम प्रमुख प्रशासकीय अधिकृतले पिडितलाई उपलब्ध गराउन सक्नेछ । यसरि उपलब्ध गराएको रकमको सोधभर्नाका लागि आवश्यक कागजात सहित कोष सञ्चालन समितिमा पेश गर्नुपर्नेछ ।

(च) राहत सहयोग प्राप्त गर्नको निम्ति पीडितले घटना भएको १५ दिन भित्र प्रहरी सरजिमिन मुचुल्का तथा अन्य आवश्यक कागजात सहित सम्बन्धित वडा कार्यालयको सिफारिस सहित कोष सञ्चालन समितिमा निवेदन पेश गर्नु पर्नेछ । मृतक तथा घाईतेको हकमा स्वास्थ्य संस्थाको प्रतिवेदन आवश्यक पर्नेछ ।
**तर कोषमा रकम अभाव भएकोमा गाउँपालिका राहत दिन बाध्य हुनेछैन ।**

## परिच्छेद – ५

## विविध

### ११. अनुगमन तथा प्रतिवेदन सम्वन्धमा

(१) यो कार्यविधि अनुसार गरिएका काम कारवाहीको लागि गाँउपालिकाबाट अनुगमन गरिनेछ ।
(२) यो कार्यविधि अनुसार सञ्चालित कार्यहरुको प्रतिवेदन गाउँपालिका विपद् व्यवस्थापन समिति मार्फत गाँउ कार्यपालिकामा पेश गरिनेछ ।

**१२. संशोधन तथा परिमार्जन सम्बन्धमा** (१) यस कार्यविधिलाई आवश्यकता अनुसार गाँउ कार्यपालिकाबाट संशोधन तथा परिमार्जन गर्न सकिने छ ।

**१३.खारेजी तथा वचाउः**

यस कार्यविधि बन्नु भन्दा पहिले विपद् व्यवस्थापन सम्बन्धि गरिएका कार्यहरू यसै कार्यविधि अन्तर्गत भएको मानिनेछ । यस कार्यविधिमा व्यवस्था भएका कुराहरुको हकमा नेपालको संविधान, स्थानीय सरकार संचालन ऐन, २०७४ तथा अन्य प्रचलित कानुन संग वाझिएको हकमा बाझिएको हदसम्म खारेजी हुनेछ ।

मोहन्याल गाँउपालिका